Email : pmamp.piu.rautahat@gmail.com
Phone : 055-565078/9855042031
Website : www.piurautahat.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, रौतहट ।

## क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट सिङ्गल क्याबिन पिकअप र मिनी ट्र्याक्टर खरीद सम्बन्धि सिलबन्दी प्रस्ताव आह्वानको सूचना ।

**प्रथम पटक सूचना प्रकाशन मिति : २०७९/०२/१७**

प्रस्तुत विषयमा परियोजना कार्यान्वयन एकाइ, रौतहटको चालू आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि यान्त्रिकरण सहयोग र चक्लाबन्दी कार्यक्रम संचालन अन्तर्गत सिङ्गल क्याबिन पिकअप र मिनी ट्र्याक्टर खरीद गर्नुपर्ने भएको हुनाले देहाय बमोजिमको सिङ्गल क्याबिन पिकअप र मिनी ट्र्याक्टर सार्वजनिक खरीद ऐन २०६३ (पहिलो संशोधन २०७३) तथा सार्वजनिक खरीद नियमावली, २०६४ (चौथो संशोधनको २०७३) बमोजिम मिनी ट्र्याक्टर उत्पादक (Manufacture) कम्पनी वा सो को नेपालका लागि आधिकारीक बिक्रेता (Importer) हरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिंग) विधिबाट खरीद गर्नुपर्ने भएकोले देहाय बमोजिम को सिङ्गल क्याबिन पिकअप र मिनी ट्र्याक्टर विक्री गर्न चाहने उत्पादक तथा आधिकारिक बिक्रेताले आ-आफ्नो उत्पादकको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधाको विवरण (क्याटलग वा ब्रोसर) तथा Manufactures Authoraization Letter समेत संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिन (२०७९/०२/२३ गते वा उक्त दिनमा सार्वजनिक विदा पर्न गएको हकमा सोको भोलि पल्टको दिनमा) दिउँसो १२:०० बजे भित्र यस सूचनामा उल्लेखित सम्पूर्ण आवश्यक कागजातहरु संलग्न राखी स्वयम वा प्रतिनिधी मार्फत यस एकाईमा उपस्थिति भई दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै प्रस्ताव पेश गर्ने अन्तिम म्याद भित्र प्राप्त प्रस्तावहरुको प्रस्ताव सोहि दिन दिउँसो २:०० बजे खोलिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**अनिवार्य पेश गर्नु पर्ने कागजातहरु :**

१. दररेट पेश गरिएको भनी रु.१० को टिकट टाँस गरी पेश गरिएको निवेदन ।
२. फर्म दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व.२०७७/७८ को कर चुक्ता गरेको प्रमाण प्रतिलिपी ।
३. कारोवार गर्नका लागि प्रदान गरिएको ईजाजत पत्रको प्रतिलिपी ।
४. कालो सुचीमा नरहेको स्व-घोषणा पत्र ।

**तपसिल :**

१. आपूर्तिकर्ताले सिङ्गल क्याबिन पिकअप र मिनी ट्र्याक्टरको क्याटलगहरुको फोटोकपी तथा यस एकाइले तयार पारेको फर्मेटमा प्रस्तावित प्राविधिक स्पेशिफिकेशन सहित पूर्णरुपले तयार गरी अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
२. यस एकाइमा सूचिकृत नभएका उत्पादक कम्पनी वा आधिकारीक बिक्रेताहरुले सूचिकृत भई सिलबन्दी प्रस्ताव दर्ता गराउनु पर्नेछ ।
३. यस सूचनामा उल्लेख गर्न छुट भएको अन्य शर्त/व्यहोराहरु सार्वजनिक खरिद, २०६३ , सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

***नोट:- यस सँग सम्बन्धित फर्मेट यस एकाइबाट नि:शुल्क रुपमा उपलब्ध गराईएको छ ।***

२।१५

नि. बरिष्ठ कृषि अधिकृत